कार्यपालिकाबाट स्वीकृत मितिः २०७४।१०।२८

# माथागढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

झडेवा, पाल्पा

लुम्बिनी प्रदेश, नेपाल

माथागढी गाउँपालिकाको कर्मचारी पदपूर्ति सम्बन्धि कार्यविधि, २०७४

प्रथम संशोधन मिति २०८०/०७/१९

# माथागढी गाउँपालिकाको कर्मचारी पद पूर्तिसम्बन्धी कार्यविधि, २०७४

गाउँ कार्यपालिकाको कार्यालय, अन्तर्गतका वडा कार्यालय र मातहतका विषयगत शाखा/समन्वय इकाइमा कर्मचारी व्यवस्थापन गरी सार्वजनिक सेवा प्रवाह चुस्त दुरुस्त बनाउन नेपाल सरकारबाट कर्मचारी खटीई वा समायोजन भई नआएसम्म करारमा सेवा कर्मचारी पदपूर्ति गर्ने कार्यलाई व्यवस्थित गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी माथागढी गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

१. सङ्क्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम "माथागढी गाउँ कार्यपालिकाको करार सेवामा कर्मचारी पदपूर्तिसम्बन्धी कार्यविधि, २०७४" रहेको छ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) ऐन' भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्छ।

(ख) 'स्थानीय तह' भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनुपर्छ।

(ग) गाउँपालिका भन्नाले माथागढी गाउँ कार्यपालिका सम्झनु पर्छ।

(घ) 'रिक्त पद' भन्नाले गाउँ सभाबाट स्वीकृत दरवन्दीमा कर्मचारी सरुवा बढुवा भई खाली रहेको पदमा नेपाल सरकारबाट कर्मचारी खटिई वा समायोजन भई नआएसम्म पूर्ति नभएको पद सम्झनु पर्छ।

३. कर्मचारी पदपूर्ति समिति : (१) कर्मचारी पद पूर्ति समितिको गठन देहाय बमोजिम हुनेछ।

(क) गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) आर्थिक प्रशासन शाखाको प्रमुख वा प्रमुखले तोकेको एकजना प्रतिनिधि - सदस्य

(ग) विभिन्न विषयगत शाखा/समन्वय इकाइका संयोजक वा प्रमुख/उप संयोजक/सहायक - २ सदस्य

(घ) सामान्य प्रशासन प्रमुख वा तत्काललाई प्रशासन हेर्ने कर्मचारी सदस्य सचिवको रुपमा हेरी काम गर्ने।

(२) पदपूर्ति सम्बन्धी विज्ञ वा पदाधिकारीलाई आवश्यकता अनुसार पदपूर्ति समितिको वैठकमा आमन्त्रण गर्न सकिनेछ।

(३) कर्मचारी पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) गाउँ कार्यपालिकाको कार्यालय मातहतका वडा कार्यालय र विषयगत कार्यालय/शाखा/समन्वय इकाइमा रिक्त रहेको पदमा विज्ञापन, उक्त पदको लागि निष्पक्ष र पारदर्शी रुपमा

अध्यक्ष

अध्यक्ष

प्रतिस्पर्धा गराई लिखित, प्रयोगात्मक परीक्षा सञ्चालन गर्ने, अन्तरवार्ता लिने र योग्यताप्रणालीको आधारमा योग्य उम्मेदवार छनोट गरी सिफारीस गर्ने।

(ख) परीक्षा सञ्चालन गर्नको लागि सम्बन्धित पदको योग्यताको आधारमा विषय विज्ञ वा अन्तरवार्ता कर्ताको नियुक्ति गर्न सक्ने।

(ग) कर्मचारी पदपूर्ति समितिले परीक्षाको मर्यादा कायम राख्न र उम्मदेवार सिफारिस गर्न छुट्टै परीक्षा समिति तथा अन्तरवार्ता समिति छुट्टै गठन गर्न सक्नेछ।

तर, अन्तरवार्ता समितिमा संयोजक/नभए निजले तोकेको विषयगत शाखाको संयोजक, सामान्य प्रशासन प्रमुख वा निजले तोकेको विज्ञापन भएको पद भन्दा एक तह माथिको कर्मचारी र एकजना विषय विज्ञ वा सम्बन्धित विषयमा जानकारी व्यक्ति गरी कम्तिमा ३ जना सदस्य राख्न सकिनेछ।

(घ) पदपूर्ति समितिले रिक्त पदको पदपूर्ति गर्न स्थानीय वा राष्ट्रिय दैनिक पत्रिका वा कार्यालयको वेवसाइट वा सूचना पाटीमा विभिन्न आवश्यक कुरा खुलाई ७ देखि १५ दिने सूचना प्रकाशन गर्नु पर्नेछ। यदि सूचना प्रकाशन गर्दा कुनैपनि दरखास्त पर्न नआएमा पुनः दोस्रोपटक सूचना प्रकाशन गर्नुपर्नेछ।

(ङ) उम्मेदवारले लिखित, प्रयोगात्मक परीक्षामा प्राप्त गरेको प्राप्ताङ्क र अन्तरवार्तामा प्राप्त गरेको प्राप्ताङ्क सम्बन्धित समितिले खामबन्दी गरी पदपूर्ति समितिलाई कामसम्पन्न भए लगत्तै पेश गर्नु पर्नेछ।

तर, आवश्यक संख्या वा सो भन्दा कम संख्यामा दरखास्त पर्न आएको खण्डमा दफा ३ को उपदफा (छ) बमोजिमको मापदण्डमा सूचिकृत भएमा समितिको अन्तरवार्ता लिई छनौट गर्ने सक्नेछ।

(च) कर्मचारी पदपूर्ति समितिले दरखास्त पर्न आएका उम्मेदवारहरुलाई तपसिलको मापदण्डअनुसार अंक प्रदान गरि छोटो सूची तयार गर्नेछ र उम्मेद्वारले छोटो सूचीमा प्राप्त गरेको अङ्कमा लिखित, प्रयोगात्मक र अन्तर्वातामा प्राप्त अङ्क जोडी समष्टिमा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारलाई सिफारिस गरी बैकल्पिक उम्मेदवार समेत तोकी सूचना प्रकाशन गर्नु पर्नेछ।

अध्यक्ष

अध्यक्ष

तपसिल :

**शैक्षिक योग्यता वापतको कुल अङ्क १० मध्ये**

- आवश्यक योग्यतामा विशिष्ट श्रेणी तथा ३.६ जि पि ए माथिको लागि ८ अंक
- आवश्यक योग्यतामा प्रथमं श्रेणी तथा ३.२-३.६ जि पि ए सम्मको लागि ६ अंक
- आवश्यक योग्यतामा द्वितीय श्रेणी तथा २.८-३.२ जि पि ए सम्मको लागि ४ अंक
- आवश्यक योग्यतामा तृतीय श्रेणी तथा २.८ जि पि ए भन्दा कमको लागि २ अंक
- आवश्यक योग्यताभन्दा माथि एक तहको योग्यता हासिल गरेको भए २ अंक थप हुनेछ।

**सम्बन्धित सेवा समूह तथा विषय क्षेत्रको अनुभवको १० अंक मध्ये**

- एक वर्षको सरकारी कार्यालयमा कार्य अनुभवलाई २ अंक मानी अधित्तम ५ बर्षको जम्मा १० अंक

**उम्मेदवारको स्थायी ठेगाना अनुसारको स्थानीयको १० अङ्क मध्ये**

- माथागढी गाँउपालिकाभित्रको लागि १० अङ्क
- पाल्पा जिल्ला भित्रको लागि ५ अङ्क
- लुम्बिनी प्रदेशभित्रको लागि ३ अङ्क
- अन्य सबै उम्मेदवारको लागि २ अङ्क

(छ) लिखित र प्रयोगात्मक परीक्षा सञ्चालन नगरी अन्तरवार्ताबाट पद पूर्ति गर्दा वा लिखित र प्रयोगात्मक परीक्षा सञ्चालन गर्न असहज हुने स्थितिमा विज्ञापन गरेको पदको न्यूनतम शैक्षिक योग्यता, सम्बन्धित सेवा सरकारी कार्यालयमा अनुभव र स्थायी ठेगानाको आधारमा दफा ३ को (च) बमोजिमको मापदण्ड अनुसार अङ्क प्रदान गरि उक्त मापदण्डको ५० प्रतिशत अङ्क प्राप्त गर्ने उम्मेदवारलाई मात्र दोस्रो चरणको परीक्षामा सामेल गराउनु पर्छ।

(ज) कार्यालय सहयोगीको पद बाहेक अन्य पदको हकमा लोकसेवा आयोगले निर्धारण गरेको पाठ्यक्रम र पूर्णाङ्क अनुसार हुनेछ।

४. **पारीश्रमिक तथा अन्य सेवा सुविधा**: अन्यर्वार्ताको लागि आमन्त्रित विषय विज्ञ वा सम्बन्धित विषयमा जानकार व्यक्तिलाई प्रचलित कानुन बमोजिम पारिश्रमिक तथा सेवा सुविधा र अन्य सदस्यको हकमा प्रचलित कानुन बमोजिकै सेवा सुविधा गाउँ कार्यपालिकाको संचित कोषबाट उपलब्ध गराइनेछ।

**अध्यक्ष**

५. **कर्मचारी पदपूर्ति समितिको प्रतिवेदनः** यस कार्यविधि बमोजिम गठन भएको पदपूर्ति समितिले उम्मेदवार छनोट तथा सिफारिस गरेको १५ दिन भित्र सो सम्बन्धि प्रतिवेदन जानकारीका लागि गाउँ कार्यपालिकाको अध्यक्ष मार्फत् गाउँ कार्यपालिकामा पेस गर्नुपर्छ।

**अध्यक्ष**